खिजीदेम्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
स्था : २०७३

पत्र संख्या : २०८०/०८१
चलानी नं. : १२१

कोशी प्रदेश, नेपाल
मिति:- २०८०/०६/११

श्री वडा कार्यालयहरु सबै,
खिजीदेम्वा गाउँपालिका।

विषयः- हाते पुस्तिका पठाईएको सम्बन्धमा।

प्रस्तुत विषयमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को मिति २०७९/०५/०५ प.सं. ०७९/०८०, च.नं. ४६, को प्राप्त पत्रानुसार स्थानीय तहको वडाबाट हुने सिफारिस तथा प्रमाणिकरण विधि सम्बन्धी हाते पुस्तिका पठाइएको व्यहोरा जानकारीका लिग अनुरोध छ।

२०८०/०६/११

दिनेश हुमागाई
सूचना अधिकारी
सूचना प्रविधि अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या : ०७९/८०
चलानी नं. : ६६

मिति:२०७९/०५/०५

विषयः हाते पुस्तिका पठाइएको ।

श्री स्थानीय तह (सबै) ।

प्रस्तुत विषयमा स्थानीय तह संचालनका लागि स्थानीय सरकार संचालन ऐन,२०७४ जारी भएको र सोहि ऐनमा नगरपालिका र गाउँपालिकाको काम, कर्तव्य र अधिकार स्पष्ट तोकिएको छ । संवैधानिक एवम् कानूनी अधिकार तथा जिम्मेवारी वहन गर्नका लागि स्थानीय तहको कार्यसम्पादन प्रक्रियामा एकरुपता कायम गरी सेवा प्रवाहलाई सरल, सहज, चुस्त र दुरुस्त बनाइनु आवश्यक हुन्छ । स्थानीय तहबाट दैनिक रुपमा हुने सेवा प्रवाहलाई नागरिक मैत्री, छिटोछरितो बनाई प्रक्रियामा एकरुपता ल्याउन स्थानीय तहका वडा कार्यालयले गर्ने सिफारिस तथा प्रमाणित गर्ने विधि र पद्धतिलाई प्रभावकारी बनाउन जरुरी छ । यसै पृष्ठभूमिमा स्थानीय तहका वडाबाट हुने सिफारिस तथा प्रमाणीकरण विधिमा सुधार ल्याई देशब्यापी रुपमा यस्तो कार्यमा एकरुपता कायम गर्ने, जनताको सबैभन्दा नजिकको सेवा प्रदायक वडा कार्यालयको दैनिक सेवा प्रवाहमा सुधार ल्याउने, सेवा प्रवाहमा नागरिक सन्तुष्टि वृद्धिगर्ने, गुणस्तरीयता, नियमितता र मितव्ययिता कायम गर्ने, नयाँ निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीले तत्कालै कानुनी आधार र विधि अनुसार सेवा प्रवाह गर्ने र सिफारिस एवम् सेवा प्रवाहको विषयमा हुने कमी कमजोरीमा सुधार ल्याउने जस्ता विषयमा स्थानीय तहलाई सहयोग गर्न मन्त्रालयबाट तयार पारिएको **स्थानीय तहको वडाबाट हुने सिफारिस तथा प्रमाणीकरण विधिसम्बन्धी हाते पुस्तिका** यसैसाथ संलग्न गरी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थ:
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

## स्थानीय तहको वडाबाट हुने

# सिफारिस तथा प्रमाणीकरण विधिसम्बन्धी हाते पुस्तिका




नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०७९

स्थानीय तहको वडाबाट हुने

# सिफारिस तथा प्रमाणीकरण विधिसम्बन्धी हाते पुस्तिका

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
२०७९

## सम्पादन सल्लाहकार

श्री बसन्त अधिकारी, सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

श्री डिलाराम पन्थी, सहसचिव, अर्थ मन्त्रालय

श्री रेशमलाल कँडेल, उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## प्रमुख सम्पादन

श्री जनकराज शर्मा उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सम्पादन

श्री चिरन्जीवी नेपाल, शाखा अधिकृत, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

श्री नमराज वाग्ले, शाखा अधिकृत, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

श्री शेरसिंह दहित, स्थानीय शासन विज्ञ, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

श्री भोलाप्रसाद गौतम, सूचना व्यवस्थापन विज्ञ, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## प्राविधिक सहयोग

जि.आई.जेड नेपाल

**राजेन्द्र प्रसाद श्रेष्ठ**
मन्त्री
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
Government of Nepal

**Rajendra Prasad Shrestha**
Minister
Ministry of Federal Affairs and General Administration
Singhadurbar, Kathmandu, Nepal

# मन्तव्य

नेपालले सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित सङ्घीय शासन प्रणालीको माध्यमबाट समृद्ध र समतामूलक समाज स्थापना गर्ने लक्ष्यका साथ नयाँ शासकीय अभ्यासको थालनी गरेको छ । संविधानले सङ्घमा साझा शासन, प्रदेश र स्थानीय तहमा स्वशासन र स्वायत्त शासनलाइ आत्मसात गरी समानुपातिक समावेशीकरणका माध्यमबाट अल्पसङ्ख्यकहरूको प्रतिनिधित्व गराई राज्य प्रणालीमा सबैको स्वामित्व बोध गर्ने व्यवस्था गरेको छ।

तीनओटै तहलाई आ-आफ्नो क्षेत्राधिकारभित्र क्षेत्रमा रही संविधानसम्मत ढङगले कानून बनाउने अधिकार दिएको छ। संबिधानबमोजिम नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संबिधान र कानूनबमोजिम प्रयोग गर्ने, सङ्घ प्रदेश र स्थानीय तहको अधिकार अनुसूचीहरूमा उल्लेख भएबमोजिम एकल र साझा अधिकारका विषयमा विधायिकी सभाद्वारा कानून बनाई कार्यान्वयन गर्ने व्यवस्था छ। त्यस्तै संविधानको धारा २१४ ले स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानूनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहने, यस्तो अधिकार अनुसूची—८ र अनुसूची—९ बमोजिमको सूचीमा उल्लेख भएबमोजिम हुने, संविधान र अन्य कानूनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुने व्यवस्था गरेको छ।

संवैधानिक व्यवस्था बमोजिमस्थानीय तहको सञ्चालन र व्यवस्थापनलाइ थप प्रभावकारी बनाउने उद्धेश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको छ । सो ऐनले संविधान बमोजिम नगरपालिका र गाउँपालिकाको एकल तथा साझा काम, कर्तव्य र अधिकारलाई कार्य विस्तृतिकरण गरी स्पष्ट गरेको छ। ऐन को दफा १२ ले स्थानीय तहका वडाको काम, कर्तव्य र अधिकार तोक्ने अधिकार कार्यपालिकालाइ दिएको छ। सोही दफाको उपदफा (२) ले कार्यपालिकाले वडाको लागि तोक्ने न्यूनतम काम, कर्तव्य र अधिकारअन्तर्गत उपदफा (२) ङ मा भएको

व्यवस्था बमोजिम वडाबाट हुने सिफारिससम्बन्धी कार्यलाई थप सरल र सहज बनाउन, स्थानीय तहबाट हुने सिफारिसमा एकरूपता कायम गर्न र वडा अध्यक्ष तथा वडा सचिवको कार्य सम्पादनमा थप प्रभावकारिता ल्याउन सहयोग पुर्‍याउने उद्देश्यले यो पुस्तिका तयार गरिएको छ। यस पुस्तिकामा स्थानीय तहका वडाबाट हुने सिफारिसमा अवलम्बन गर्नुपर्ने प्रमाणित विधि, पद्धति र सिफारिसका ढाँचाको नमूना समावेश गरिएको छ। यस हाते पुस्तिकाले स्थानीय तहका वडाबाट हुने सिफारिसमा एकरूपता, सरलता र सहजता ल्याउनुका साथै स्थानीय तहको सेवा प्रवाहमा गुणस्तरियता, नियमितता तथा मितव्ययीता कायम गर्न सहयोग पुग्ने अपेक्षा लिएको छु।

अन्त्यमा, स्थानीय तहमा रही सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई जगैबाट मजबूत गर्ने र सबै भन्दा नजिकबाट जनतालाई सेवा दिने वडा कार्यालयको कामलाई व्यवस्थित बनाउन सहजीकरण हुने यस हाते पुस्तिकाका तयार गर्न अग्रसर हुने मन्त्रालयको परिवार, पुस्तिका तयारीमा प्राविधिक सहयोग गर्ने जि.आई.जेड. नेपाल, पुस्तक तयारीको सन्दर्भमा आवश्यक राय तथा सुझाव प्रदान गर्ने नेपाल नगरपालिका सङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल एवम् पुस्तक तयारीको स्थलगत अध्ययनमा पृष्ठपोषण प्रदान गर्ने स्थानीय तह तथा स्थानीय तहका कर्मचारी सबैप्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

मिति :- २०७९/०२/०४

.................................

राजेन्द्र प्रसाद श्रेष्ठ

मन्त्री

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

# मेरो भनाई

नेपालको संविधान बमोजिम परिवर्तित शासकीय संरचना अनुरुप सङ्घ, प्रदेश र स्थानीय तहको गठन भरइ कार्यान्वनमा आएको पाँच बर्ष पूरा भैसकेको छ । संविधानले व्यवस्था गरेबमोजिम स्थानीय तह सञ्चालनलाई थप प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको छ । स्थानीय तहलाई कानूनद्वारा नै जनतालाई विकास र सेवा प्रवाह स्थानीयस्तरमा नै उपलब्ध गराउने जिम्मेवारी प्रदान गरिएको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन लगायतका कानूनी व्यवस्थाबाट स्थानीय तहलाई तोकिएका जिम्मेवारीहरु पूरा गर्न स्थानीय तह आफैले कानुन बनाउने, राजस्व संकलन गर्ने, सङ्घ र प्रदेशवाट प्रदान गर्ने समानीकरण अनुदान, राजश्व वाँडफाँड, शसर्त अनुदान र विशेष अनुदान प्राप्त गर्ने जस्ता वित्तिय अधिकारलाई सुनिश्चित गरिएको छ । साथै स्थानीय तहको क्षेत्र भित्र कार्यरत सरकारी निकायहरु, गैर सरकारी सङ्घ संस्थाहरु तथा सामुदायिक संस्था आदिलाई स्थानीय तहको सर्वाङ्गीण विकासमा समन्वयात्मक ढंगबाट सहभागी गराउने दायित्व स्थानीय तहको रहेको छ ।

स्थानीय जनताका आकाङ्क्षालाई मितव्ययी तथा प्रभावकारी रुपले पूरा गर्न स्थानीय तहको व्यवस्थापकीय क्षमतामा सुदृढीकरण हुन जरुरी छ । स्थानीय तहलाई दिएको अधिकार तथा जिम्मेवारी वहन गर्नका लागि स्थानीय जनताको लागि सोच्ने र जवाफदेहीता वहन गर्न सक्ने संस्थागत र कार्यगत संरचनाको निर्माण हुनु पर्दछ । यसका लागि स्थानीय सरकारले सम्पादन गर्ने कार्यको सरलीकरण गर्दै सेवा प्रवाहको न्युनतम मापदण्डका आधारमा एकरुपता कायम गरी चुस्त दुरुस्त बनाइनु अपरिहार्य छ । स्थानीय तहबाट दैनिक रुपमा हुने सेवा प्रवाहलाई सेवाग्राही मैत्री, छिटो, छरितो, मितव्ययी र प्रभावकारी बनाउन स्थानीय तहका वडाबाट हुने सिफारिस तथा प्रमाणित गर्ने विधि र पद्धतिलाई ब्यवस्थित बनाउन जरुरी छ । स्थानीय तहबाट दैनिक सेवा प्रवाह अन्तरगत गरिने अधिकांश सिफारिस तथा प्रमाणित प्रक्रिया वडा तहबाट नै

गरिन्छ । प्रस्तुत सन्दर्भमा नेपालका सबै स्थानीय तहबाट दैनिक रुपमा प्रवाह हुने सिफारिसहरुमा एकरुपता ल्याउन, कानूनी आधारको पालना गर्न र कार्य सम्पादन छिटो छरितो बनाउने उद्देश्यले सिफारिस तथा प्रमाणित गर्ने कागजातहरुको ढाँचा, विधि, पद्धति समेटिएको हाते पुस्तिकामा तयार गरी स्थानीय तहका वडा अध्यक्ष र वडा सचिवलाई सहजीकरण गर्न यो हाते पुस्तिका तयार गरिएको छ ।

अन्त्यमा, यो हाते पुस्तिका तयार गर्न खटिने मन्त्रालयका कर्मचारी, पुस्तिका तयारीमा प्राविधिक सहयोग गर्ने जि.आई.जेड. नेपाल, पुस्तक तयारीमा आवश्यक राय तथा सुझाव प्रदान गर्ने नेपाल नगरपालिका सङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल एवम् पुस्तक तयारीको स्थलगत अध्ययनमा पृष्ठपोषण प्रदान गर्ने स्थानीय तह तथा स्थानीय तहका कर्मचारी सबैप्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

जेष्ठ, २०७९



..............................

सुरेश अधिकारी

सचिव

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन ४२००५०५ ४२००२९९ ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

# मेरो भनाई

सङ्घीयताको लाभ स्थानीय तहमार्फत घर छेउकै सरकारवाट प्राप्त हुने विषयलाई वडा कार्यालयबाट सम्बोधन गर्ने आशय हाम्रा नीति तथा कानूनले स्पष्ट गरेको देखिन्छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ ले स्थानीय तहको वडाको काम, कर्तव्य र अधिकार तोक्ने अधिकार कार्यपालिकालाई दिएको छ। यसरी तोक्दा कम्तीमा ऐनको दफा १२ को उपदफा २ मा उल्लेख भएको विषय समावेश गरिनु पर्ने भनि ऐनमा नै व्यवस्थित गरिएको छ। उल्लिखित काम, कर्तव्य र अधिकार मध्ये ऐनको दफा १२ को उपदफा २ ङ मा रहेका सिफारिस तथा प्रमाणित गर्ने ३६ वटा विषय सम्वन्धी कार्यलाई व्यवस्थित एवम् प्रभावकारी ढंगवाट सम्पादन गराउने उदेश्यले सहजीकरणका लागि यस हाते पुस्तिका प्रकाशित गरिएको छ ।

वडा कार्यालयवाट सिफारिस तथा प्रमाणित गर्ने कार्यका अतिरिक्त वडाभित्रको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन, तथ्यांक अद्यावधिक तथा संरक्षण, विकास कार्य र नियमन कार्य सम्पादन गर्नु पर्ने गरी ऐनमा कार्य क्षेत्र तोकिएको छ। उल्लिखित विविध कार्य वडा तहबाटै सम्पादन हुने भएकोले वडालाई कार्यालयकै रुपमा चित्रण गरिएको पाइन्छ।

साविकमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ ले स्थानीय निकायको काम, कर्तव्य र अधिकार अन्तर्गत विभिन्न खालका सेवा मध्ये सिफारिस सम्बन्धी काम गाउँ विकास समिति तथा नगरपालिका एवम् तिनका वडाबाट हुने व्यवस्था रहेको थियो। तत्कालिन व्यवस्थामा त्यस्ता सिफारिस सम्बन्धी कामलाई नेपाल सरकारको निर्देशन तथा परिपत्रमार्फत एकरूपता दिने गरिन्थो। वर्तमान संवैधानिक व्यवस्था बमोजिम स्थानीय तहको कामलाई नेपाल सरकार तथा अन्य निकायबाट निर्देशित गर्ने नभै सहजीकरण तथा प्रवर्द्धन गर्ने रहेको छ।

स्थानीय तहको वडाबाट हुने सिफारिस सम्बन्धी कार्यलाई थप सरल र सहज बनाउन,

स्थानीय तहबाट हुने सिफारिसमा एकरूपता कायम गर्न र वडा अध्यक्ष तथा वडा सचिवको कार्य सम्पादनमा थप प्रभावकारिता ल्याउन सहयोग पुर्‍याउने उद्देश्यले यो पुस्तिका तयार गरिएको छ। यस पुस्तिकामा विशेषगरी सिफारिस तथा प्रमाणित गर्दा वडा कार्यालयले ध्यान दिनु पर्ने विषयका अतिरिक्त पेश गनुपर्ने आवश्यक कागजात सो को प्रकृया एवं कानूनी प्रावधानका वारेमा स्पष्टगर्ने प्रयास गरिएको छ ।

अन्तमा, यस हाते पुस्तिकाले स्थानीय तहका वडाबाट हुने सिफारिसमा एकरूपता, सरलता र सहजता ल्याउनुका साथै स्थानीय तहको सेवा प्रवाहमा गुणस्तरियता, नियमितता तथा मितव्ययीता कायम गर्न सम्वन्धित सरोकारवालाहरुलाई सहयोग पुग्ने अपेक्षा गरेका छौ ।

२०७९ जेष्ठ

बसन्त अधिकारी
सहसचिव एवम् सङ्घीय मामिला महाशाखा प्रमुख

# प्रकाशकीय

नेपालमा लामो समयसम्म रहेको एकात्मक शासकीय प्रणालीको अन्त्य भई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कार्यान्वयनमा रहेको छ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासकीय संरचना रहने व्यवस्था गरको छ । तीन वटै तहलाई नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गीण विकास, लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने गरी शासन व्यवस्था सञ्चालन गर्ने अधिकार संविधानले दिएको छ । सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्तमा आधारित हुने व्यवस्था समेत गरेको छ । सङ्घीय शासनको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र समृद्धीको अपेक्षा गरिएको छ । नेपालमा सङ्घीय शासन प्रणाली अबलम्बन गर्नुपूर्व विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासन पद्धतिको विकासका लागि विभिन्न प्रयासहरु गरिदै आएका थिए । विकेन्द्रीकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रकृयामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्ने नीति अगिंकार गर्दै आइएको थियो । साविकका जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिले आफ्नो क्षेत्रको विकासको लागि स्थानीय साधनको परिचालन, विकासको प्रतिफल सन्तुलित एवम् समान रुपमा उपभोग र समावेशी तथा सहभागितात्मक विकासको अभ्यास गर्दै आएका थिए । नयाँ संवैधानिक व्यवस्था बमोजिम स्थानीय तहको गठन भई कार्यान्वनमा आएको पनि पाँच बर्ष पूरा भएको छ । साविकमा स्थानीय निकायबाट सम्पादन भएको कतिपय कार्यलाई हालका स्थानीय तहले निरन्तरता दिँदै आएको अवस्था रहेको छ ।

स्थानीय तहहरु सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको छ र सोही ऐन बमोजिम नगरपालिका र गाउँपालिकाको काम कर्तव्य र अधिकार स्पष्ट गरिएको छ । यसरी कानूनद्वारा नै जनताको आवश्यकतामा आधारित विकास र सेवा प्रवाह स्थानीयस्तरमा नै उपलब्ध हुने व्यवस्था मिलाइएको छ । कानून बमोजिम तोकिएका जिम्मेवारीहरु पूरा गर्न स्थानीय तह आफैले राजस्व संकलन गर्ने, वित्तीय स्रोत प्राप्त गर्ने जस्ता वित्तिय अधिकारको सुनिश्चितता संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थाजन ऐन

आदिमा विभिन्न व्यवस्था गरिएको छ । साथै आफ्नो कार्यक्षेत्र भित्र कार्यरत सरकारी निकाय, गैर सरकारी संघ संस्था तथा सामुदायिक संस्थालाई सर्वाङ्गीण विकासमा समन्वयात्मक ढंगबाट सहभागी गराउने दायित्व स्थानीय तहको रहेको छ । स्थानीय जनताका आकाङ्क्षालाई मितव्ययी तथा प्रभावकारी रुपले पूरा गर्न स्थानीय तहहरुको व्यवस्थापकीय क्षमतामा सुदृढीकरण हुन जरुरी छ । संवैधानिक तथा कानूनी अधिकार तथा जिम्मेवारी वहन गर्नका लागि स्थानीय जनताको लागि सोच्ने र जवाफदेहीता वहन गर्न सक्ने संस्थागत र कार्यगत संरचनाको निर्माण हुनु पर्दछ ।यस्तो कार्य गर्ने सक्ने संस्था निर्माणको लागि स्थानीय तहको कार्यसम्पादन प्रकृयामा एकरुपता कायम गरी सेवा प्रवाहलाई सरल, सहज, चुस्त र दुरुस्त बनाइनु अपरिहार्य हुन्छ । सरकारको उपस्थिती र शासकीय व्यवस्थाको विश्वसनीयता पनि यी सेवा प्रवाहबाटै झल्कन्छ । स्थानीय तहबाट दैनिक रुपमा हुने सेवा प्रवाहलाई नागरिकमैत्री, छिटो छरितो बनाई प्रकृयामा एकरुपता ल्याउन स्थानीय तहका वडा कार्यालयले गर्ने सिफारिस तथा प्रमाणित गर्ने विधि र पद्धतिलाई प्रभावकारी बनाउन जरुरी छ । स्थानीय तहबाट दैनिक सेवा प्रवाह अन्तरगत गरिने अधिकांश सिफारिस तथा प्रमाणित प्रक्रिया वडा तहबाट नै हुने गर्दछ ।

प्रस्तुत सन्दर्भमा, नेपालका सबै स्थानीय तहबाट दैनिक रुपमा प्रवाह हुने सिफारिस सम्बन्धी सेवा प्रकृयामा एकरुपता ल्याउने, कानूनी आधारमा कार्यसम्पादन गर्ने तथा सिफारिस सम्बन्धी कार्य छिटो छरितो बनाउने उद्देश्यले सिफारिस गर्दा पालना गर्नुपर्ने विधि र सिफारिस ढाँचा राखी हाते पुस्तिका तयार गरिएको छ । हाते पुस्तिकालाई बढि यथार्थपरक तथा विश्वसनीय बनाउन तयारीको चरणमा विभिन्न गाउँपालिकाका तथा नगरपालिकाका वडा छनोट गरी तिनले दैनिक रुपमा गर्दै आएका सिफारिस र प्रमाणित गर्ने प्रक्रियाहरुको विश्लेषण पश्चात सरल र सहज तरिका र पद्धति यस हाते पुस्तकमा समावेश गरिएको छ । स्थानीय तहका वडाबाट हुने सिफारिस तथा प्रमाणिकरण विधिमा सुधार ल्याई देशव्यापी रूपमा यस्तो कार्यको एकरुपता कायम गर्ने, जनताको सबै भन्दा नजिकको सेवा प्रदायक निकाय वडाको दैनिक सेवा प्रवाहमा सुधार ल्याउने, वडा तहको सेवा प्रवाहमा आएको सुधारले नागरिक सन्तुष्टिमा बृद्धि गर्ने र नयाँ निर्वाचित जनप्रतिनिधी तथा नियुक्ती हुने कर्मचारीले तत्कालै कानूनी आधार र विधिमा रही सेवा प्रवाह गर्ने र सिफारिस एवम् सेवा प्रवाहको बिषयमा हुने कमि कमजोरीमा सुधार ल्याउने जस्ता विषयमा स्थानीय तहलाई सहयोग गर्न मन्त्रालयबाट यस पुस्तक तयार गरिएको छ ।

# विषय सूची

## खण्ड : क

## सिफारिसको लागि आवश्यक कागजात तथा सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया


| क्र.सं. | शीर्षक | पेज |
|---|---|---|
| १ | नाता प्रमाणित | १ |
| २ | क) नागरिकता सिफारिस | २ |
| | ख) नागरिकता प्रतिलिपि सिफारिस | ३ |
| | ग) वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस | ४ |
| | घ) अंगिकृत नागरिकता सिफारिस | ५ |
| ३ | बहाल करको लेखाजोखा सिफारिस | ६ |
| ४ | बन्द घर वा कोठा खोल्न रोहवरमा बस्ने | ६ |
| ५ | मोही लगत कट्टाको सिफारिस. | ७ |
| ६ | घर जग्गा करको लेखाजोखा सिफारिस | ८ |
| ७ | क) जन्म मिति प्रमाणित गर्ने | ८ |
| | ख) जन्म मिति संशोधन सिफारिस | ९ |
| ८ | क) व्यापार व्यवसाय बन्द भएको सिफारिस | १० |
| | ख) व्यापार व्यवसाय सञ्चालन नभएको सिफारिस | १० |
| | ग) व्यापार व्यवसाय नभएको सिफारिस | ११ |
| | घ) व्यवसाय दर्ता सिफारिस | ११ |
| | ङ) नयाँ व्यवसाय दर्ता | १२ |
| | च) व्यवसाय नवीकरण | १३ |
| ९ | क) विवाह प्रमाणित | १४ |
| | ख) अविवाहित प्रमाणित | १४ |
| १० | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचार सिफारिस | १६ |
| ११ | वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने | १६ |
| १२ | घर पाताल वा भत्के, भत्काएको प्रमाणित | १७ |
| १३ | ब्यक्तिगत विवरण प्रमाणित वा सिफारिस | १८ |

| | | |
|---|---|---|
| १४ | जग्गाधनी दर्ता प्रमाणपूर्जामा घर कायम गर्ने सिफारिस | १८ |
| १५ | कुनै व्यक्तिको नाम थर, जन्ममिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एउटै हो भन्ने सिफारिस | १९ |
| १६ | नाम, थर, जन्म मिति संसोधनको सिफारिस | २० |
| १७ | जग्गा धनी प्रमाण पूर्जा हराएको सिफारिस | २१ |
| १८ | कित्ताकाट गर्न सिफारिस | २१ |
| १९ | क) संरक्षक प्रमाणित गर्ने | २२ |
| | ख) संरक्षक सिफारिस (ब्यक्तिगत) | २३ |
| | ग) संरक्षक सिफारिस ( संस्थागत) | २३ |
| २० | जिवितसँगको नाता प्रमाणित गर्ने | २४ |
| २१ | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने | २५ |
| २२ | जिवित रहेको सिफारिस | २६ |
| २३ | हकवाला वा हकदार प्रमाणित | २६ |
| २४ | नामसारी सिफारिस | २७ |
| २५ | जग्गाको हक सम्बन्धमा सिफारिस | २८ |
| २६ | उद्योग ठाउँसारी सिफारिस | २९ |
| २७ | आधारभूत विद्यालय खोल्न सिफारिस | ३० |
| २८ | क) जग्गा मूल्यांकन /प्रमाणित | ३१ |
| | ख) घर बाटो प्रमाणित | ३२ |
| | ग) चार किल्ला प्रमाणित | ३२ |
| | घ) जग्गा रेखांकन/सम्वन्धी रोहबरमा बस्ने | ३३ |
| | ङ) पूर्जामा घर कायम गर्ने सिफारिस | ३४ |
| २९ | विद्यालय कक्षा थप सिफारिस | ३४ |
| ३० | अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस | ३५ |
| ३१ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ३६ |
| ३२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ३६ |
| ३३ | विद्यालय ठाउँसारी सिफारिस | ३७ |
| ३४ | धारा, विद्युत जडान सिफारिस | ३८ |
| ३५ | जातीय पहिचान र जातीय सिफारिसको कार्य गर्ने | ३८ |
| ३६ | प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने | ३९ |

| | | |
|---|---|---|
| ३७ | क) जन्म दर्ता | ४० |
| | ख) मृत्यु दर्ता | ४१ |
| | ग) विवाह दर्ता | ४२ |
| | घ) बसाइँ सराई | ४३ |
| | ङ) सम्बन्ध विच्छेद | ४४ |


**खण्डः ख**

## सिफारिसको नमूना ढाँचा


| क्र.सं. | शीर्षक | पेज |
|---|---|---|
| १ | नाता प्रमाणित | ४५ |
| २ | अग्रेजी भाषामा नाता प्रमाणित | ४६ |
| ३ | नागरिकता सिफारिस | ४७ |
| ४ | बहाल करको लेखाजोखा | ४८ |
| ५ | बन्द घर वा कोठा खोल्न रोहवरमा बस्ने/बसेको प्रमाणित | ४९ |
| ६ | मोही लगत कट्टाको सिफारिस | ५० |
| ७ | घर जग्गा करको लेखाजोखा सिफारिस | ५१ |
| ८ | जन्म मिति प्रमाणित गर्ने | ५२ |
| ९ | जन्म मिति संशोधन सिफारिस | ५३ |
| १० | व्यापार ब्यवसाय बन्द भएको सिफारिस | ५४ |
| ११ | व्यापार ब्यवसाय सञ्चालन नभएको सिफारिस | ५५ |
| १२ | व्यापार ब्यवसाय नभएको सिफारिस | ५६ |
| १३ | नयाँ व्यवसाय दर्ता सिफारिस | ५७ |
| १४ | व्यवसाय नवीकरण | ५८ |
| १५ | विवाह प्रमाणित | ५९ |
| १६ | अविवाहित प्रमाणित | ६० |
| १७ | स्वास्थ्य उपचार सिफारिस | ६१ |
| १८ | वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने | ६२ |
| १९ | घर पाताल वा भत्के, भत्काएको प्रमाणित | ६३ |
| २० | व्यक्तिगत विवरण प्रमाणित वा सिफारिस | ६४ |
| २१ | नक्सामा घर कायम गर्ने सिफारिस (१४) | ६५ |

| | | |
|---|---|---|
| २२ | कुनै व्यक्तिको नाम थर जन्ममिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एउटै हो भन्ने सिफारिस | ६६ |
| २३ | नाम थर, जन्म मिति संसोधनको सिफारिस | ६७ |
| २४ | जग्गा धनी प्रमाणपूर्जा हराएको सिफारिस | ६८ |
| २५ | कित्ताकाट गर्न सिफारिस | ६९ |
| २६ | संरक्षक प्रमाणित गर्ने | ७० |
| २७ | संरक्षक सिफारिस | ७१ |
| २८ | जिवितसँगको नाता प्रमाणित | ७२ |
| २९ | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | ७३ |
| ३० | जिवित रहेको सिफारिस | ७४ |
| ३१ | हकवाला वा हकदार प्रमाणित | ७५ |
| ३२ | नामसारी सिफारिस | ७६ |
| ३३ | जग्गाको हक सम्बन्धमा सिफारिस | ७७ |
| ३४ | उद्योग ठाउँसारी सिफारिस | ७८ |
| ३५ | आधारभूत विद्यालय खोल्न सिफारिस | ७९ |
| ३६ | जग्गा मूल्यांकन/प्रमाणित | ८० |
| ३७ | घरबाटो प्रमाणित | ८१ |
| ३८ | चारकिल्ला प्रमाणित | ८२ |
| ३९ | पूर्जामा घर कायम गर्ने सिफारिस | ८३ |
| ४० | विद्यालय कक्षा थप सिफारिस | ८४ |
| ४१ | अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस | ८५ |
| ४२ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ८६ |
| ४३ | आर्थिक अवस्था कमजोर वा बिपन्नता प्रमाणित | ८७ |
| ४४ | विद्यालय ठाउँसारी सिफारिस | ८८ |
| ४५ | धारा, विद्युत जडान सिफारिस | ८९ |
| ४६ | जातीय पहिचान र जातीय सिफारिस | ९० |
| ४७ | प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने | ९१ |
| ४८ | सिफारिस वा प्रमाणित गर्दा पालना गर्नुपर्ने मार्गदर्शनहरु | ९२ |

## खण्ड : क

# सिफारिसको लागि आवश्यक कागजात तथा सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| १ | नाता प्रमाणित | **आधारभूत कागजातहरु**<br>१) निवेदकको हकदारहरुको नागरिकता प्रमाणपत्र वा जन्मदर्ताको प्रतिलिपि<br>२) नाता खुल्ने कागजातको प्रतिलिपि<br>३) हकदारहरुको पासपोर्ट साईजको फोटो ४ प्रति<br>**सहायक कागजातहरु**<br>१) मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि (आवश्यक भएमा)।<br>२) हकवाला नावालक भए जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (आवश्यक भएमा)।<br>३) वसाँईसरी आएको हकमा बसाईसराईको प्रतिलिपि (आवश्यक भएमा मात्र)।<br>४) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने ।<br>३) पेश भएका कागजातको रुजु गरी नाता प्रमाणित कागजात तयार गर्ने ।<br>४) तोकिएको शुल्क बुझाउने ।<br>५) वडाध्यक्षले हस्ताक्षर गर्ने ।<br>६) कार्यालयको छाप लगाई चलानी गरी नाता प्रमाणित कागजात उपलब्ध गराउने । | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारीहरु |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| २ | (क) नागरिकता सिफारिस | **आधारभूत कागजातहरु**<br>१) प्रचलित नागरिकता ऐन र नियमावलीले तोकेको अनुसूची फाराम (हाल नागरिकता ऐन, २०६३ र नियमावली, २०६३ ले तोके बमोजिमको अनुसूची फाराम)।<br>२) बुवा/आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।<br>३) विवाहित महिलाको हकमा विवाह दर्ताको प्रतिलिपि र पतिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>४) जन्म मिति खुलेको कागजातको प्रतिलिपि जस्तैः विद्यालयको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि आदि<br>५) दुवै कान देखिने पासपोर्ट साईजको फोटो २ प्रति<br>**सहायक कागजातहरु**<br>१) बसाइँसरी आएको हकमा बसाइँ सराईको प्रमाण पत्रको प्रतिलिपि (आवश्यक भएमा मात्र)। | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) सम्बन्धित कर्मचारीले पेश भएका कागजातको रुजु गरी सिफारिसका लागि पेश गर्ने।<br>३) तोकिएको शुल्क बुझाउने<br>४) वडाध्यक्षले हस्ताक्षर गर्ने।<br>५) कार्यालयको छाप लगाई सिफारिस उपलब्ध गराउने। | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| | | २) कर्मचारी परिवारको हकमा सम्बन्धित कार्यालयको सिफारिस पत्र ।<br>३) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | | | |
| | (ख) नागरिकता प्रतिलिपिसिफारिस | **आधारभूत कागजातहरु**<br>१) प्रचलित नागरिकता ऐन र नियमावलीले तोकेको अनुसूची फाराम (हाल नागरिकता ऐन, २०६३ र नियमावली, २०६३ ले तोके बमोजिमको अनुसूची फाराम)<br>२) नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा नागरिकता नं. को विवरण वा अन्य नागरिकतासँग सम्बन्धित अन्य कुनै प्रमाण<br>३) दुवै कान देखिने पासपोर्ट साईजको फोटो २ प्रति<br>**सहायक कागजातहरु**<br>१) कर्मचारी परिवारको हकमा सम्बन्धित कार्यालयको सिफारिस पत्र । | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने ।<br>२) सम्बन्धित कर्मचारीले पेश भएका कागजातहरुको रुजु गरी सिफारिसका लागि पेश गर्ने ।<br>३) तोकिएको शुल्क बुझाउने ।<br>४) वडाध्यक्षले हस्ताक्षर गर्ने ।<br>५) कार्यालयको छाप लगाई सिफारिस उपलब्ध गराउने । | सोही दिन | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| | (ग) वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस | **आधारभूत कागजातहरु**<br>१) प्रचलित नागरिकता ऐन र नियमावलीले तोकेको अनुसूची वमोजिम आवेदन फाराम (हाल नागरिकता ऐन, २०६३ र नियमावली, २०६३ ले तोके बमोजिमको अनुसूची फाराम)<br>२) विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि र श्रीमान्को नागरिकताको प्रमाणित प्रतिलिपि<br>३) अन्य देशको नागरिकता परित्याग गरेको पुष्टि गर्ने कागजातहरु<br>४) २ प्रति पासपोर्ट साइजको फोटो<br>५) नागरिकता लिने व्यक्तिको नाम र जन्ममिति खुल्ने कुनै कागजात<br>६) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) तोकिएको कर्मचारीले सर्जमिन मुचुल्का गर्नुपर्ने भएमा सर्जमिन मुचुल्का समेत गरी पेश भएका प्रमाणहरुको रुजु गर्ने गरी सिफारिसका लागि पेश गर्ने ।<br>३) नियमानुसार शुल्क लिने<br>४) वडाध्यक्षबाट हस्ताक्षर गर्ने<br>५) कार्यालयको छाप लगाई सिफारिस उपलब्ध गराउने । | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| | (घ)अंगिकृत नागरिकता सिफारिस | **आधारभूत कागजातहरु**<br>१) अंगिकृत नागरिकता प्राप्त गर्न प्रचलित कानूनले तोकेको स्पष्ट आधार । उदाहरणका लागि हाल नागरिकता सम्बन्धि ऐन २०६३ र नियमावली, २०६३ ले तोकेका प्रावधानहरु : नेपालमा १५ वर्षदेखि कुनै व्यवसाय वा काम गरी बसेको प्रमाणको प्रतिलिपि, नेपाली भाषा लेख्न र वोल्न जान्ने प्रमाण कागजातहरु (उदाहरणका लागि नेपाली भाषा बोल्न वा एक अनुच्छेद लेख्न लगाउने) र नागरिकता ऐन नियमावलीमा तोकिएका प्रावधान बमोजिम पेश गर्नुपर्ने कागजातहरु<br>२) साविक मुलुकको नागरिकता परित्याग गरेको वा परित्याग गर्न कारवाहि चलाएको पुष्टिगर्ने कागजातहरु<br>३) पासपोर्ट साईजको फोटो ३ प्रति<br>४) नागरिकता लिने व्यक्तिको नाम र जन्ममिति खुल्ने कुनै कागजात<br>५) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) तोकिएको कर्मचारीले आवश्यक परेमा सर्जमिन मुचुल्का समेत गरी प्रमाणहरुको रुजु गरी सिफारिसका लागि पेश गर्ने ।<br>३) तोकिएको शुल्क बुझाउने<br>४) वडाध्यक्षले हस्ताक्षर गरी सिफारिस उपलब्ध गराउने । | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र, कानूनी राय लिनुपर्नेको हकमा कानूनी राय प्राप्त भएपछि । | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| ३ | बहाल करको लेखाजोखा सिफारिस | **आधारभूत कागजातहरु**<br>१) घर बहाल करको लेखाजोखा गरिदिन विवरण खुलेको निवेदन<br>२) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा संस्थागत भएमा संस्थाको पत्र<br>३) बहालमा लिने र दिनेको सम्झौतापत्र<br>४) नगरपालिका वा गाउँपालिकाको नियम अनुसार बहालकर तिरेको निस्सा<br>**सहायक कागजातहरु**<br>१) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने ।<br>३) कागजातहरुको रुजु गरी बहाल करको लेखाजोखा गरेर सिफारिस पत्र तयार गर्ने ।<br>४) तोकिएको कर बुझाउने<br>५) वडाध्यक्षले हस्ताक्षर गरी सिफारिस पत्र उपलब्ध गराउने । | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र, स्वामित्वमा विवाद भएको वा अन्य कुनै कानुनी जटिलता भएको देखिएमा कानुनी राय प्राप्त भएपछि । | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |
| ४ | बन्द घर वा कोठा खोल्न रोहवरमा बस्ने | **आधारभूत कागजातहरु**<br>१) कारण प्रष्ट खुलेको व्यक्ति वा संस्थाको निवेदन<br>**सहायक कागजातहरु**<br>१) बहालमा दिएको हकमा सम्झौताको प्रमाणित प्रतिलिपि र बहाल कर तिरेको प्रमाण<br>२) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने<br>३) तोकिएको शुल्क बुझाउने | सोही दिन, सर्जमिनको हकमा बढीमा ७ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| | | | ४) रोहबरमा बस्ने कर्मचारी तोकी (सम्भव भएमा स्थानीय प्रहरी प्रतिनिधि वा नगर प्रहरीलाई राख्नुपर्ने) कोठा खोल्न लगाउने । ५) यथार्थ अवस्था उल्लेख गरी मुचुल्का तयार गर्ने ६) रोहवरमा बसी घर वा कोठा खोलेको प्रमाणित गरिदिने । | | |
| ५ | मोही लगत कट्टाको सिफारिस | **आधारभूत कागजातहरु** १) मोही लगत कट्टा हुनुपर्ने पूर्ण विवरण सहित मोही र जग्गाधनीको संयुक्त निवेदन २) दुवै पक्षका निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ३) जग्गाधनी प्रमाण पुर्जाको प्रमाणित प्रतिलिपि ४) जग्गाको प्रमाणित नापि नक्सा, फिल्डबुकको प्रमाणित प्रतिलिपि **सहायक कागजातहरु** १) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने २) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने । ३) कागजातहरुको रुजु गरी कानूनी राय लिनुपर्ने भएमा राय समेत लिइ सोको आधारमा सिफारिस पत्र तयार गर्ने । ४) तोकिएको शुल्क बुझाउने । ५) वडाध्यक्षले हस्ताक्षर गरी सिफारिस पत्र उपलब्ध गराउन | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र, कानूनी राय लिनुपर्ने भएमा राय प्राप्त भएपछि । | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| ६ | घर जग्गा करको लेखाजोखा सिफारिस | **प्राथमिकत कागजातहरु**<br>१) जग्गा धनी प्रमाणपूर्जा, नापी नक्साको प्रमाणित प्रतिलिपि सहित निवेदन<br>२) भवन नक्शा स्वीकृति प्रमाण पत्र र नक्शाको प्रतिलिपि<br>३) भवन/जग्गा खरिद गरेको भए मालपोतबाट रजिष्ट्रेशन पारित लिखतको प्रतिलिपि<br>**सहायक कागजातहरु**<br>१) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने। | १) सेवाग्राहीले तोकिएका कागजात पेश गर्ने।<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने।<br>३) तोकिएको कर्मचारीले कर निर्धारण तयार गरी पेश गर्ने।<br>४) तोकिएको कर वा शुल्क बुझाउने<br>५) हस्ताक्षर गरी कर निर्धारण पत्र उपलब्ध गराउने। | सोही दिन, प्राविधिक प्रतिवेदन आवश्यक पर्ने र सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |
| ७ | (क) जन्म मिति प्रमाणित गर्ने | **आधारभूत कागजातहरु**<br>१) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन<br>**सहायक कागजातहरु**<br>१) बसाँई सरी आएको भए सोको प्रमाणपत्रको प्रतिलिपि | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बधित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने।<br>३) कागजातहरुको रुजु गरी प्रमाणित गर्ने कागजात तयार गर्ने। | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| | | २) शैक्षिक संस्थाबाट उपलब्ध गराइएको प्रमाणपत्रको प्रतिलिपि<br>३) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | ४) तोकिएको शुल्क बुझाउने<br>५) वडाध्यक्षले हस्ताक्षर गरी प्रमाणित कागजात उपलब्ध गराउने । | | |
| | (ख) जन्म मिति संशोधन सिफारिस | **आधारभूत कागजातहरु**<br>१) जन्म मिति फरक पर्नुको कारण सहितको निवेदन<br>२) जन्म मिति फरक परेको पुष्टि हुने प्रमाणपत्रको प्रतिलिपि<br>३) जन्मदर्ता प्रमाणपत्र<br>**सहायक कागजातहरु**<br>१) शिक्षण संस्थाबाट जारी भएको प्रमाणपत्र<br>२) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | १) सेवाग्राहीले तोकिएका कागजातहरु पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने ।<br>३) प्रणालीमा रहेको विवरणसँग भिडाउने ।<br>४) कागजातहरुको रुजु गरी सिफारिस पत्र तयार गर्ने ।<br>५) तोकिएको शुल्क बुझाउने<br>६) वडाध्यक्षले हस्ताक्षर गरी सिफारिस पत्र उपलब्ध गराउने | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| ८ | (क) व्यापार व्यवसाय बन्द भएको सिफारिस | **आधारभूत कागजातहरु**<br>१) व्यवसायको विस्तृत व्यहोरा सहितको निवेदन<br>२) घर बहालमा बसेको भएमा बहाल सम्झौताको प्रतिलिपि<br>३) विदेशीको हकमा परिचय खुल्ने कागजात वा सम्बन्धित दूतावासको पत्र<br>४) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कलप्रति<br>५) कर तिरेको निस्सा वा रसिद<br>**सहायक कागजात**<br>१) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने। | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने।<br>३) कागजातहरुको रुजु गरी सिफारिस पत्र तयार गर्ने<br>४) तोकिएको शुल्क बुझाउने<br>५) वडाध्यक्षले हस्ताक्षर गरी सिफारिस पत्र उपलब्ध गराउने | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |
| | (ख) व्यापार व्यवसाय सञ्चालन नभएको सिफारिस | **आधारभूत कागजात**<br>१) व्यवसाय सञ्चालन नभएको कारण सहितको निवेदन<br>२) व्यवसाय दर्तो प्रमाणपत्रको प्रतिलिपि<br>**सहायक कागजात**<br>१) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने। | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने।<br>३) कागजातहरुको रुजु गरी सिफारिस पत्र तयार गर्ने<br>४) तोकिएको शुल्क बुझाउने<br>५) वडाध्यक्षले हस्ताक्षर गरी सिफारिस पत्र उपलब्ध गराउने | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| | (ग) व्यापार व्यवसाय नभएको सिफारिस | **आधारभूत कागजात**<br>१) व्यापार व्यवसाय नभएको कारण सहितको निवेदन<br>२) व्यवसाय दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि<br>**सहायक कागजात**<br>१) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने ।<br>३) कागजातहरुको रुजु गरी सिफारिस पत्र तयार गर्ने<br>४) तोकिएको शुल्क बुझाउने<br>५) वडाध्यक्षले हस्ताक्षर गरी सिफारिस पत्र उपलब्ध गराउने । | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |
| | (घ) व्यवसाय दर्ता सिफारिस | **आधारभूत कागजातहरु**<br>१) विवरण खुलेको निवेदन<br>२) बहालमा भए बहाल सम्झौतापत्रको प्रतिलिपि<br>३) नेपाली नागरिकको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने ।<br>३) कागजातहरुको रुजु गरी सिफारिस पत्र तयार गर्ने ।<br>४) तोकिएको शुल्क बुझाउने | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| | | ४) विदेशी नागरिक भए राहदानी, व्यवसाय गरी नेपाल बस्न पाउने अनुमति दिएको व्यहोरा खुल्ने कागजात र सम्बन्धित दूतावासको सिफारिस<br>**सहायक कागजातहरु**<br>१) अन्यत्र व्यवसाय दर्ता गरी शाखाको रुपमा व्यवसाय दर्ता गर्न खोजेको भएमा पहिले व्यवसाय दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि<br>२) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | ५) वडाध्यक्षले हस्ताक्षर गरी सिफारिस पत्र उपलब्ध गराउने | | |
| | (ङ) नयाँ व्यवसाय दर्ता | **आधारभूत कागजातहरु**<br>१) विवरण खुलेको निवेदन<br>२) नागरिकता प्रमाणिपत्रको प्रमाणित प्रतिलिपि, विदेशीको हकमा राहदानीको प्रमाणित प्रतिलिपि वा सम्बन्धित दुतावासको निजको परिचय खुल्ने सिफारिस<br>३) पासपोर्ट साइजको फोटो दुई प्रति<br>४) घर बहालमा लिएको भएमा बहाल सम्झौताको प्रतिलिपि | १) सेवाग्राहीले तोकिएको कागाजत पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने ।<br>३) आवश्यक कागजातको रुजु गरी नयाँ व्यवसाय दर्ता प्रमाणपत्र तयार गर्ने । | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| | | ५) प्यान नं. लिएको वा अन्य निकायमा दर्ता गरी व्यवसाय दर्ता गरेको हकमा प्यान दर्ता वा जारी गरेको व्यवसाय प्रमाणपत्रको प्रमाणित प्रतिलिपि<br>**सहायक कागजातहरु**<br>१) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | ४) तोकेको शुल्क बुझाउने<br>५) हस्ताक्षर गरी नयाँ व्यवसाय दर्ता प्रमाणपत्र उपलब्ध गराउने | | |
| | (च) व्यवसाय नवीकरण | **आधारभूत कागजातहरु**<br>१) विवरण खुलेको निवेदन<br>३) दर्ता भएको व्यवसायको प्रमाणपत्र<br>४) घर बहालमा भएमा बहाल सम्झौताको प्रतिलिपि<br>५) नियमानुसार कर लाग्ने व्यवसायको करचुक्ता गरेको प्रमाणपत्र वा कर बुझाएको रसिद<br>**सहायक कागजातहरु**<br>१) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | १) सेवाग्राहीले तोकिएको कागजात पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित फाँटमा आदेश गर्ने र निवेदन दर्ता गर्ने ।<br>३) कागजातहरुको रुजु गरी व्यवसाय नवीकरणको तयारी गर्ने ।<br>४) निवेदकले तोकेको शुल्क बुझाउने<br>५) हस्ताक्षर गरी व्यवसाय नवीकरण प्रमाणपत्र उपलब्ध गराउने | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| ९ | (क) विवाह प्रमाणित | **आधारभूत कागजातहरु**<br>१) श्रीमान श्रीमतीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>२) विवाह दर्ता भएको भएमा बिबाह दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>३) श्रीमान श्रीमती दुबै उपस्थित भई सनाखत गर्नु पर्ने ।<br>**सहायक कागजातहरु**<br>१) बसाइँ सरी आएकाको हकमा बसाइँ सराई दर्ता प्रमाण पत्र ।<br>२) विवाह दर्ता प्रमाणपत्र नभएमा वा थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने ।<br>३) कागजातहरुको रुजु गरी प्रमाणित गर्ने कागजात तयार गर्ने<br>४) निवेदकले तोकिएको शुल्क बुझाउने<br>५) वडाध्यक्षले हस्ताक्षर गरी विवाह प्रमाणित उपलब्ध गराउने | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |
| | (ख) अविवाहित प्रमाणित | **आधारभूत कागजात**<br>१) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन,<br>२) एकाघरको संरक्षक वा अभिभावकले अविवाहित हो भनी कार्यालयको रोहबरमा गरेको सनाखत<br>३) बालिग व्यक्तिको अविवाहित प्रमाणित गर्नुपर्ने अवस्थामा स्थानीय सर्जमिन मुचुल्का | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने । | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| | | **सहायक कागजातहरु**<br>१) बालिग व्यक्तिको हकमा वा थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | ३) व्यक्तिगत घटना दर्ता प्रणालीमा विवाह दर्ता भए नभएको रुजु गर्ने ।<br>४) एकाघरको संरक्षकबाट सनाखत गराउने । पेश भएका अन्य कागजातहरुको रुजु गरी प्रमाणित गर्ने कागजात तयार गर्ने<br>५) तोकिएको शुल्क बुझाउने<br>६) वडाध्यक्षले हस्ताक्षर गरी अविवाहित प्रमाणित कागजात उपलब्ध गराउने | | |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| १० | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचार सिफारिस | **आधारभूत कागजात**<br>१) विवरण खुलेको निवेदन<br>२) रोग लागेको व्यहोरा खुल्ने अस्पतालको पत्र वा विरामी पूर्जा<br>३) नागरिकता वा विवाहदर्ता वा जन्मदर्ता वा बसाइँसराई दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>**सहायक कागजात**<br>१) सम्बन्धित अस्पतालको सिफारिस पत्र<br>२) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने ।<br>३) उपलब्ध भएसम्म विपन्नता खुल्ने प्रमाण वा कागजात । गरिब घरपरिवार परिचयपत्र उपलब्ध गराइएको स्थानमा त्यस्तो परिचयपत्रको प्रतिलिपि | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने ।<br>३) तोकिएको कर्मचारीले कागजातको रुजु गरी सिफारिस पत्र तयार गर्ने<br>४) तोकिएको शुल्क बुझाउने<br>५) वडाध्यक्षले हस्ताक्षर गरी सिफारिस पत्र उपलब्ध गराउने | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |
| ११ | वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने | **आधारभूत कागजातहरु**<br>१) अंग्रेजी भाषामा समेत प्रमाणित वा सिफारिस गर्नुपर्ने गरी निवेदन<br>२) उमेर खुल्ने कागजातको प्रमाणपत्रको प्रतिलिपि जस्तैः नागरिकता वा जन्मदर्ता आदि | १) सेवाग्राहीले तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडाध्यक्ष/सचिवले सम्बन्धित कर्मचारीलाई आदेश गर्ने र निवेदन दर्ता गर्ने । | सोही दिन, सर्जमिनको हकमा बढीमा ५ दिनभित्र | वडाध्यक्ष, वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी |

| क्र.सं. | सेवाको नाम | आवश्यक पर्ने कागजातहरु | सिफारिस/प्रमाणित उपलब्ध गराउने प्रक्रिया | लाग्ने समय | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| | | **सहायक कागजातहरु**<br>१) विषयसँग सम्बन्धित अन्य प्रमाण वा कागजातहरु<br>२) थप प्रमाण जुटाउन आवश्यक परेमा वडाले स्थानीय सर्जमिन मुचुल्का गर्ने । | ३) कागजातको रुजु गरी प्रमाणित गर्ने विवरण तयार पार्ने ।<br>४) तोकिएको शुल्क बुझाउने<br>५) वडाध्यक्षबाट हस्ताक्षर गरी प्रमाणित कागजात उपलब्ध गराउने | | |
